टीकापुर नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-५, संख्या-५४ मिति २०८०/१२/२५

## भाग -३

## टीकापुर नगरपालिका नगरकार्यपालिका कार्यालयको

## सूचना

## टीकापुर नगरपालिकाको देहाय बमोजिमको आर्थिक सहायता सम्वन्धि कार्यविधि, (दोस्रो संशोधन), २०८०

टीकापुर नगरपालिकाको देहाय बमोजिमको आर्थिक सहायता सम्वन्धि कार्यविधि,२०७६ लाई संसोधन गर्न वाञ्छनीय भएकोले

टीकापुर नगरपालिकाको देहाय बमोजिमको आर्थिक सहायता सम्वन्धि कार्यविधि,२०७६ को दफा ५ ले दिएको अधिकार प्रयोग गरी टीकापुर नगरपालिकाले यो निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम टीकापुर नगरपालिकाको देहाय बमोजिमको आर्थिक सहायता सम्वन्धि कार्यविधि,(दोस्रो संशोधन),२०८० रहेको छ ।

२. टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि, २०७६ को दफा (१) मा संसोधन : टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि, २०७६ को दफा (१) मा " (१) आर्थिक सहायता प्रदान गर्न सकिने :

देहायको अवस्थाका व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाई यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पुरा गरी सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगर प्रमुखले रु.५,०००/–पाँच हजार सम्म नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सक्नेछ ।

(क) विरामी,

(ख) अशक्त–अपाङ्ग,

(ग) परिवारबाट विस्थापित सहारा विहिन वृद्ध, वृद्धा,

(घ) अति विपन्न व्यक्तिहरु,

(ङ) प्राकृतिक विपत्ति तथा विपत्‌मा परेका घरवार विहिन व्यक्तिहरु ।"

**भन्ने वाक्यांसको सट्टा** "देहायको अवस्थाका व्यक्ति वा निजका अभिभावक वा संरक्षकलाई यसै कार्यविधि बमोजिम तोकिएको प्रक्रिया पुरा गरी सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगर प्रमुखले रु.१५,०००/–पन्ध्र हजार सम्म नगदै वा सो बराबर सम्मको जिन्सी सहायता गर्न सक्नेछ ।

(क) विरामी,

(ख) अशक्त–अपाङ्ग,

(ग) परिवारबाट विस्थापित सहारा विहिन वृद्ध, वृद्धा,

(घ) अति विपन्न व्यक्तिहरु,

(ङ) प्राकृतिक विपत्ति तथा विपत्‌मा परेका घरवार विहिन व्यक्तिहरु ।" **भन्ने वाक्यांस राखिएको छ ।**

३. टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि, २०७६ को दफा (२) मा संसोधन : टीकापुर नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि, २०७६ को दफा (२) मा " (२) आर्थिक सहायता प्रदान गर्ने तरिका :

२.१ टीकापुर नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(क) सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन ।

(ख) अपाङ्गको हकमा सम्बन्धित निकायबाट जारी गरिएको अपाङ्ग परिचयपत्रको प्रतिलिपि ।

(ग) प्राकृतिक विपत्ति तथा विपद्‌मा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का र टीकापुर नगर कार्यपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिस ।

(घ) विरामीको हकमा निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङहोम वा स्वास्थ्य क्लिनिक वा जाँज गर्ने डाक्टरले जाँच गरेको प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) सम्बन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण ।

स्थानीय राजपत्र

तर माथी जुनसुकै कुरा लेखिएको भएतापनि कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नु पर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल बोर्डको सिफारिस समेत पेश गर्नुपर्नेछ । मेडिकल बोर्डको सिफारिस सहित सहयोग भएको हकमा टीकापुर नगर कार्यपालिकाको सामाजिक समितिको सिफारिस बमोजिम टीकापुर नगरपालिकाको कार्यपालिका बैठकमा पेश गरी निर्णय भए बमोजिम बढीमा रु. १५,०००/– अक्षरुपी पन्ध्र हजार सम्म सहयोग उपलब्ध गराउन सकिनेछ । ” **भन्ने वाक्यांसको सट्टा**

“ **(२) आर्थिक सहायता प्रदान गर्ने तरिका :**

२.१ टीकापुर नगरपालिकाले आर्थिक सहयोग उपलब्ध गराउँदा निम्न प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(क) सम्बन्धित व्यक्ति वा निजको अभिभावक वा निजको संरक्षकको निवेदन ।

(ख) अपाङ्गको हकमा सम्बन्धित निकायबाट जारी गरिएको अपाङ्ग परिचयपत्रको प्रतिलिपि ।

(ग) प्राकृतिक विपत्ति तथा विपद्मा परेकाको हकमा प्रहरी सर्जमिन मुचुल्का र टीकापुर नगरपालिकाको वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिस ।

(घ) विरामीको हकमा निवेदन साथ सम्बन्धित अस्पताल, नर्सिङहोम वा स्वास्थ्य क्लिनिक वा जाँज गर्ने डाक्टरले जाँच गरेको प्रमाणपत्रको प्रतिलिपि ।

(ङ) सम्बन्धित डाक्टरले उपचारको लागि लेखी दिएको औषधीहरुका विवरण र सो खरिदको लागि अनुमानित लाग्ने खर्चको विवरण ।

तर माथी जुनसुकै कुरा लेखिएको भएतापनि कडा रोग लागि अपरेशन गर्नुपर्ने, कुनै अङ्ग फेर्नु पर्ने वा उपचारका लागि धेरै खर्च लाग्ने भएमा सो को मेडिकल बोर्डको सिफारिस समेत पेश गर्नुपर्नेछ । मेडिकल बोर्डको सिफारिस सहित सहयोग भएको हकमा टीकापुर नगरपालिकाको सामाजिक विकास समितिको सिफारिस बमोजिम टीकापुर नगरपालिकाको कार्यपालिका बैठकमा पेश गरी निर्णय भए बमोजिम बढीमा रु.५०,०००/– अक्षरुपी पचास हजार सम्म सहयोग उपलब्ध गराउन सकिनेछ ।” **भन्ने वाक्यांस राखिएको छ ।**

**आज्ञाले,**
नाम :- दमन सिंह चौधरी
प्रमुख प्रशासकीय अधिकृत
टीकापुर नगरकार्यपाकिको कार्यालय

स्थानीय राजपत्र